# चिट्ठा नियमावली, २०२७

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२७।१०।५

संशोधन

चिठ्ठा (पहिलो संशोधन) नियमावली, २०७० २०७०।१।३०

चिट्ठा ऐन, २०२५ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरूको नाम “चिट्ठा नियमावली, २०२७” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा “ऐन” भन्नाले चिट्ठा ऐन २०२५ सम्झनु पर्छ ।

३. **चिट्ठा खोल्ने स्वीकृतिको निमित्त निवेदन दिने** : (१) ऐनको दफा ३ को उपदफा (१) बमोजिम चिट्ठा खोल्न चाहने व्यक्ति वा संस्थाले नेपाल सरकारको स्वीकृतिको निमित्त निवेदन दिंदा चिट्ठाको २ प्रति नमूना सामेल गरी स्थानीय प्रमुख जिल्ला अधिकारी मार्फत गृह मन्त्रालयमा अनुसूचीमा तोकिएको ढाँचाको निवेदन दिनु पर्छ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ गरी आफ्नो मन्तव्य सहित उक्त निवेदन गृह मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रमुख जिल्ला अधिकारको मन्तव्य सहितको निवेदन प्राप्त भएपछि गृह मन्त्रालयले निवेदकलाई चिट्ठा खोल्ने अनुमति दिन सक्नेछ ।

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक प्रदर्शनीस्थल, क्लव वा सोसाइटी जस्तो ठाउँमा मात्र खोलिने चिट्ठाको हकमा प्रमुख जिल्ला अधिकारीले निवेदकलाई चिट्ठा खोल्ने अनुमति दिन सक्नेछ ।

४. **पुरस्कारमा हेरफेर गर्नु परेमा सूचना गर्ने :** ऐनको दफा ४ बमोजिम चिट्ठाको पुरस्कारमा हेरफेर गर्नु परेमा चिट्ठाको बिक्री बन्द भएको ७ दिनभित्र बन्द भएको मिति सम्ममा बिक्री भएको र बिक्री हुन बाँकी चिट्ठाको लगत तथा चिट्ठा बिक्री भएको दामासाहीले पाउने पुरस्कारको परिमाण समेत खोली चिट्ठा खोल्नु अगावै चिट्ठा खोल्न चाहने व्यक्ति वा संस्थाले त्यसको सूचना स्थानीय प्रमुख जिल्ला अधिकारी समक्ष दिनु पर्नेछ ।

५. **चिट्ठाको विवरण पठाउने :** चिट्ठा खोलिए पछि त्यसको भोलिपल्टै चिट्ठा खोल्ने व्यक्ति वा संस्थाले बिक्री भएको र बिक्री हुन नसकेको चिट्ठाको लगत, वितरण भएको पुरस्कार पाउने व्यक्तिहरूको नाम, पुरस्कार पाउने चिट्ठाहरूको क्रम संख्या, पुरस्कारमा हेरफेर गरिएको भए त्यसको व्यहोरा आदि सबै खोली सम्पूर्ण विवरण स्थानीय प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ ।

६. **अधिकृत खटाउने :** चिट्ठा खोल्ने व्यवस्था मिलाउन प्रमुख जिल्ला अधिकारीले चिट्ठा खोल्ने समयमा एकजना अधिकृत र निजलाई मद्दत गर्न आवश्यक कर्मचारीहरू खटाउनेछ ।

७. **प्रमुख जिल्ला अधिकारीको स्वीकृति लिनु पर्ने :** चिट्ठाको प्रतिमा तोकिएको मिति वा स्थानमा कुनै परिवर्तन गर्नु परेमा स्थानीय प्रमुख जिल्ला अधिकारीको स्वीकृति लिई त्यस्तो परिवर्तन गर्न सकिनेछ ।

८. **चिट्ठाको नतीजा प्रकाशित गर्ने** : चिट्ठा खोलिएपछि पुरस्कार पाउने व्यक्तिहरूको चिट्ठाको नम्बर र नाम भए नाम समेत यथाशीघ्र पत्र पत्रिकामा प्रकाशित गर्नुपर्छ ।

९. **लेखापरीक्षण :** नियम ३ को उपनियम (४) बमोजिम स्वीकृति प्राप्त गरेको चिट्ठा बाहेक अरू सबै चिट्ठाहरूको आय-व्ययको लेखापरीक्षण स्थानीय जिल्ला प्रशासन कार्यालयमा गराउनु पर्नेछ ।

# अनुसूची

**(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)**

नेपाल सरकार

गृह मन्त्रालय

मार्फत ........................ प्रमुख जिल्ला अधिकारी कार्यालय ।

महोदय,

म । हामी .......... ले देहाय बमोजिमको चिट्ठा खोल्न चाहेकोले स्वीकृतिको निमित्त निवेदन गरेको छु । छौंः-

१. चिट्ठा खोल्ने उद्देश्य ............

२. चिट्ठाको पूंजी .................

३. चिट्ठा बिक्रीबाट प्राप्त हुने कूल रकम ...... मध्ये ...... प्रतिशतले बाँडिने पुरस्कारको विवरण ...........

४. पुरस्कार बाँडी बाँकी रहने रकम मध्ये

(क) चिट्ठा सम्बन्धी खर्च ................

(ख) सहायता वा मुनाफा ................

निवेदको नाम, थर...........

ठेगाना .......................

मिति ..... ...... ............

नेपाल कानून आयोग

---

द्रष्टब्य :- १. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरू:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

२. पहिलो संशोधनबाट रुपान्तर भएका शब्दहरु :

"अञ्चलाधीश", "गृह पञ्चायत मन्त्रालय" र "अञ्चलाधीश कार्यालय" भन्ने शब्दहरुको सट्टा क्रमशः "प्रमुख जिल्ला अधिकारी", "गृह मन्त्रालय" र "जिल्ला प्रशासन कार्यालय"।

नेपाल कानून आयोग